मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ६१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत ४ गते बुधबार ❑ 18 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखरा महानगर प्रमुख आचार्यसँग जर्मन राजदूतको शिष्टाचार भेट

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसँग नेपालका लागि जर्मनीका राजदूत युडो इयुजेन भोल्जले शिष्टाचार भेट गर्नुभएको छ।

पोखरा महानगरपालिकामा मंगलबार भएको भेटवार्तामा दुईपक्षीय हितका सन्दर्भमा छलफल भएको जनाइएको छ।

भेटवार्ताका क्रममा नगर प्रमुख आचार्यले जर्मन सरकारको सहयोगमा पोखरामा सञ्चालित परियोजनाको प्रगतिबारे जानकारी गराउँदै कतिपय नीतिगत विषय कार्यान्वयनको चरणमा रहेको बताउनुभयो। जर्मन सरकारको स्वामित्वमा दिगो विकास, आर्थिकवृद्धि र वातावरण संरक्षणलाई बढवा दिँदै अन्तरराष्ट्रिय विकास समन्वयमा क्रियाशील 'जिआइजेड'को सहयोगमा पोखरामा तयार गरिएको पञ्चवर्षीय नगर ऊर्जा



योजना कार्यान्वयनको चरणमा रहेको नगर प्रमुख आचार्यले बताउनुभयो।

उक्त योजना अनुसार गरिबी निवारण र वैकल्पिक ऊर्जाको प्रयोगलाई बढवा दिन थप सहकार्यका लागि आफूहरू तत्पर रहेको उहाँले उल्लेख गर्नुभयो । साथै नगर प्रमुख आचार्यले पोखरामा पर्यटन पूर्वाधारको निर्माण, सांस्कृतिक आदानप्रदान र जर्मनका नगर हरूसँग भगिनीसम्बन्ध कायम गर्न इच्छुक रहेको उल्लेख गर्दै यसका लागि आवश्यक पहल तथा प्रयत्न गर्न राजदूत युडोलाई अनुरोध गर्नुभयो। उहाँले सम्भव भए पोखरा-जर्मनी अन्तरराष्ट्रिय उडानकोसमेत पहलका लागि आग्रह गर्नुभयो।

जवाफमा राजदूत युडोले आफू पहिलो पटक पोखरा आएकाले यो सहर आफूलाई निकै सुन्दर लागेको उल्लेख गर्नुभयो । भूगोलका हिसाबले पहाडकोबीच हिमालको काखमा अवस्थित पोखराको थप विकास, समृद्धि र वातावरणीय सुधारका क्षेत्रमा मिलेर काम गर्न सकिने उहाँले बताउनुभयो । नेपाल र जर्मनीको कूटनैतिक सम्बन्ध लामो समयदेखि पारस्परिक हित र सहकार्यमा आधारित रहेको बताउँदै उहाँले पोखरामा ऊर्जादक्षता अभिवृद्धि, वातावरणीय सुधार, पर्यटन प्रवर्द्धन तथा दिगो विकासका लक्ष्य हासिल गर्ने गरी थप सहकार्यको पहल गर्ने बताउनुभयो । भेटवार्तामा पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङ, प्रमुख प्रशासकीय अधिकृत मुक्तिराज अर्याल, प्रवक्ता मोतीलाल तिम्सिना, महानगरको वैदेशिकसम्बन्ध विभाग प्रमुख सुवास ढुङ्गानालगायतको सहभागिता रहेको थियो।

## जनताको आशा र विश्वास कायम राख्न रास्वपा उपसभापति अर्यालको आग्रह

**रासस**
काठमाडौं, ३ चैत

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति डोलप्रसाद अर्यालले जनताको आशा र विश्वासलाई कायम राख्दै आफ्नो जिम्मेवारी पुरा गर्न आग्रह गर्नुभएको छ।

पार्टीले मंगलबार ललितपुरमा आयोजना गरेको नवनिर्वाचित सांसदहरूलाई अभिमुखीकरण तथा परिचयात्मक कार्यक्रमको उद्घाटन समारोहलाई सम्बोधन गर्दै उपसभापति अर्यालले देश र जनताको पक्षमा काम गर्न आवश्यक रहेको बताउनुभयो।

"नागरिकलाई महसुस हुने गरी काम गर्ने सरकार गठन गरेर भ्रष्टाचारको अन्त्य र सुशासन कायम गरेर देखाउनुपर्ने आवश्यकता छ, लामो समयदेखि देशको बागडोर सम्हालेका राजनीतिक दलले गरेको गलत क्रियाकलापले अहिलेको परिणाम आएको हो, यसले हाम्रो पार्टी र जननिर्वाचित प्रतिनिधिलाई जिम्मेवार र जवाफदेही



बनाएको छ," उहाँले भन्नुभयो। सोही पार्टीका अर्का उपसभापति स्वर्णिम वाग्लेले ४८ प्रतिशत मतका साथ प्राप्त गरेको झन्डै दुई तिहाइ बहुमतको विश्वासलाई जोगाएर जनताको भरोसालाई कायम राख्नु पर्नेमा जोड दिनुभयो।

"वाचापत्रको मुख्य नारा थिति बसाल्ने छ, यसलाई काम गरेरै देखाउनुपर्ने छ, जनताले गर्न सक्नेगरी जिम्मेवारी दिएका छन्, हामीले इमानदारीपूर्वक काम गरेर देखाउनुपर्छ", उहाँले भन्नुभयो।

विसं २०१५ सालपछिको यो ठूलो जनादेशलाई शिरोधार्य गर्दै विधायकको भूमिका निर्वाह गर्नुपर्ने भएकाले जनताका गुनासा र मुद्दालाई उठाउन, आफ्नै सरकारले गरेका पनि गलतकार्यको प्रतिरोध गर्न उपसभापति वाग्लेले आग्रह गर्नुभयो। संसदीय अभ्यास, विधायिकी प्रक्रिया, नीति निर्माण, संसदीय समितिहरूको भूमिकालगायतका विषयबारे अभिमुखीकरण गराउन सो कार्यक्रम आयोजना गरिएको पार्टीका महामन्त्री कबिन्द्र बुर्लाकोटीले बताउनुभयो।

## प्रधानमन्त्री सुशीला कार्कीद्वारा शान्तिपूर्ण निर्वाचनमा सहयोग गरेकामा एमालेप्रति आभार प्रकट

**रासस**
काठमाडौं, ३ चैत

प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सहयोग गरेकामा नेकपा (एमाले)लाई धन्यवाद दिनुभएको छ।

प्रधानमन्त्री कार्कीले धन्यवाद ज्ञापन गर्न एमाले नेतृत्वलाई मंगलबार बालुवाटार आमन्त्रण गर्नुभएको थियो। प्रधानमन्त्रीको निजी सचिवालयका अनुसार एमाले नेतात्रय ईश्वर पोखरेल, प्रदीप ज्ञवाली र महेश बर्तौला बालुवाटार आउनुभएको थियो।

प्रधानमन्त्री कार्कीले शान्तिपूर्ण वातावरणमा निर्वाचन सफल पार्न भूमिका खेलेको भन्दै धन्यवाद



दिनुभयो। उहाँले भन्नुभयो, "यो कठिन अवस्थालाई शान्तिपूर्ण रूपमा निकास दिने एकमात्र विकल्प निर्वाचन नै थियो।

राष्ट्रप्रतिको जिम्मेवारी सम्झेर यहाँहरूले जुन सहयोगी भूमिका खेलिदिनुभयो र निर्वाचनमा सक्रिय सहभागिता जनाइदिनुभयो, यसका लागि धन्यवाद दिन चाहन्छु।" उहाँले निर्वाचनमा जित-हार भइरहने भएकाले एकपल्टको जनादेशबाट विचलित नहुन भन्दै एमाले नेतृत्वलाई सान्त्वना पनि दिनुभयो। प्रधानमन्त्री कार्कीले भन्नुभयो, "एकैपटकको जनमतले सधैँका लागि पार्टीहरूको हैसियत निर्धारण गर्दैन। भारतमा अटलविहारी बाजपेयी र इन्दिरा गान्धीका पालामा उहाँहरूका पार्टीले बेहोरेको उतारचढाव पनि देखेकै छौँ । राजनीति निरन्तरको अभियान भएकाले देश र जनताका मुद्दा बोकेर लागिरहनुहोस्।"

एमाले नेताहरूले पनि सबै पक्षको चित्त बुझाउँदै शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गराएकोमा प्रधानमन्त्री कार्की र उहाँ नेतृत्वको सरकारलाई बधाई दिनुभयो । मुलुकलाई कठिन घडीमा नेतृत्व प्रदान गरी सर्वस्वीकार्य, शान्तिपूर्ण र लोकतान्त्रिक निकास दिएकामा धन्यवाद पनि दिनुभयो।


उहाँहरूले यस पटकको निर्वाचनमा प्रशासनको निष्पक्षता रहेको भन्दै सरकारको प्रशंसा पनि गर्नुभयो। साथै यसपालिका चुनावी अभियान विगतभन्दा बढी स्वस्थ, शान्तिपूर्ण र कम खर्चिलो भएको अनुभव पनि सुनाउनुभएको थियो।

## पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा पर्यटक सूचना केन्द्र

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

नेपाल पर्यटन बोर्डले पोखरा अन्तराष्ट्रिय विमानस्थल, नागरिक उड्डयन कार्यालय र पर्यटक प्रहर ीसँगको सहकार्यमा पर्यटक सूचना केन्द्र सञ्चालन गर्ने भएको छ।

पोखरा आउने पर्यटकलाई पोखरासहित समग्र गण्डकी प्रदेशका पर्यटकीय गन्तव्यबारे जानकारीसँगै उनीहरूको यात्रामा सहजीकरण गर्ने उद्देश्यका साथ पोखराअन्तरराष्ट्रियविमानस्थलमा सूचना केन्द्र सञ्चालन गर्न लागिएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख मणिराज लामिछानेले जानकारी दिनुभयो । पर्यटकको सहजीकरणका लागि केन्द्रमा पर्यटन बोर्डबाट कर्मचारीसँगै दुई जना पर्यटक प्रहरी रहने उहाँले बताउनुभयो । पर्यटन राजधानी पोखरा स्वदेशी एवं विदेशी पर्यटकको आकर्षक पर्यटकीय गन्तव्य हो । केन्द्र सञ्चालनसँगै यहाँ आउने पर्यटकहरू लाभान्वित बन्ने विश्वास लिइएको छ।




## प्याराग्लाइडिङ प्रतियोगिताको पूर्वअवसरमा फेवाताल किनार खपौदीमा सरसफाइ

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

पाँच वर्षपछि पोखरामा हुन लागेको २१औं खुल्ला नेपाल प्याराग्लाइडिङ च्याम्पियनसिपको पूर्व अवसरमा फेवाताल किनारस्थित खपौदी क्षेत्रमा बृहत् सरसफाई गरिएको छ।

प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको अवस्थामा वातावरण संरक्षणलाई प्राथमिकता दिँदै स्थानीय संघ-संस्था, क्लब, आमा समूह, सामुदायिक प्रहरी तथा विभिन्न सामाजिक अभियन्ताहरूको सहभागितामा सरसफाइ गरिएको नेपाल हवाई खेलकुद संस्था ना ले जनाएको छ । लामो समयदेखि प्याराग्लाइडिङ अवतरण बन्द रहेकाले उक्त



क्षेत्रमा प्लास्टिकजन्य फोहोर तथा मदिराका बोतलहरू थुप्रिएको अवस्थामा भेटिएको र ती फोहोर संकलन गरी व्यवस्थापन गरिएको वातावरण संरक्षणका लागि महाअभियानका संयोजक रामबहादुर पौडेलले बताउनु भयो। खपौदी क्षेत्रबाट करिब एक गाडी फोहोर संकलन गरिएको उहाँले जनाउनु भयो। वातावरण संरक्षणका लागि नियमित रूपमा यस्ता अभियान सञ्चालन गर्दै आएको बताउँदै उहाँले सबैलाई आफ्नो फोहोर उचित स्थानमा व्यवस्थापन गर्न आग्रह गर्नुभयो । कार्यक्रममा पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले फेवातालको संरक्षण र सरसफाइमा सबैको साझा जिम्मेवारी रहेको उल्लेख गर्दै यसबाट स्थानीय तथा जलारी समुदायलाई अन्यको तुलनामा प्रत्यक्ष बढी लाभ पुग्ने बताउनु भयो । नेपाल हवाई खेलकुद संस्था (ना) का अध्यक्ष अनिल केसीले प्रतियोगिताको सफल आयोजनाका लागि सरसफाइ महत्वपूर्ण पक्ष भएको उल्लेख गर्दै लामो समयपछि पुनः प्रयोगमा आउन लागेको खपौदी क्षेत्रलाई व्यवस्थित बनाउन यस्तो पहल गरिएको बताउनु भयो।

यही चैत ५ देखि ७ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा नेपालसहित ७ देशका करिब ९० पाइलटको सहभागिता रहनेछ। प्रतियोगिता सराङकोटबाट उडान भई खपौदीमा अवतरण गर्ने "एक्युरेसी" विधामा सञ्चालन हुनेछ। यस सरसफाइ अभियानले प्रतियोगितालाई थप व्यवस्थित बनाउनुका साथै पोखरा को साहसिक पर्यटन प्रवर्द्धनमा समेत सकारात्मक योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

# गणेश योग साधना केन्द्र, गणेश टोलको नवौँ वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

महिलाहरुद्धारा सञ्चालित गणेश योग साधना केन्द्र, पोखरा-४ गणेश टोलको नवौँ वार्षिकोत्सव सम्पन्न भएको छ। मङ्गलवार योग केन्द्रमा आयोजित एक कार्यक्रमका बिच पतञ्जलि योग समिति कास्की अन्तरगत उक्त केन्द्रको नवौँ वार्षिकोत्सव सम्पन्न भएको हो।



वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्दै पोखरा ४ का वडा अध्यक्ष देवकृष्ण पराजुलीले स्वास्थ्यका लागि योग साधना आवश्यक रहेको उल्लेख गर्दै सबै वडावासीहरूलाई जोड्दै जानुपर्ने बताउनुभयो । योग केन्द्रको व्यवस्थित सञ्चालनका लागि आवश्यक सामाग्रीहरू सहयोगका लागि वडा कार्यालय प्रतिबद्ध रहेको उहाँले बताउनुभयो । महिलाहरूको आर्थिक सशक्तीकरण तथा सीप विकासका लागि वडाले विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको उल्लेख गर्दै उहाँले वडाका कार्यक्रमहरूमा सहभागी बन्न आग्रह गर्नुभयो । आफ्नो जिम्मेवारीको सफलतापूर्वक निर्वाह गर्ने बानीको विकास गर्दै सभ्य नागरिकको हैसियत निर्माण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

यस्तै कार्यक्रममा पतञ्जलि योग समिति गण्डकी प्रदेश संयुक्त प्रभारी दीपक सिग्देल, महामन्त्री विश्वमणि तिवारी, महानगर प्रभारी शेषकान्त ढकाल, कास्की जिल्ला उपाध्यक्ष प्रकाश बास्तोला, भीमसेन योग केन्द्रकी अध्यक्ष मैया बाटाजु र गणेश गुठीका सचिव जय मुल्मी लगायतले योग साधना मानव स्वास्थ्यका लागि अति आवश्यक रहेको बताउनुभयो। मानव जीवनलाई अनुशासन पूर्वक व्यतीत गर्नका लागि योगको योगदान महत्त्वपूर्ण हुने उनीहरूको तर्क थियो।

पतञ्जलि महिला महानगर समितिकी महिला प्रभारी एवं गणेश योग केन्द्रकी अध्यक्ष कमला नापितको अध्यक्षतामा सम्पन्न कार्यक्रममा योग गुरु वन्दना पालिखेले स्वागत एवं सचिव कमला श्रेष्ठले सञ्चालन गर्नुभएको थियो।

कार्यक्रममा विभिन्न मनोरञ्जनात्मक नृत्य एवं भजन समेत प्रस्तुत गरिएको थियो । योग केन्द्रले विगतमा धेरै सामाजिक संघसंस्थाहरुलाई आर्थिक सहायता समेत गरेको जनाएको छ।



तातोपानी कुण्डमा स्नान गर्दै : म्याग्दीको बेनी नगरपालिका-४ मा रहेको सिंगा तातोपानी कुण्डमा आइतबार बिहान स्नान गर्दै सर्वधारण। म्याग्दी नदीको किनारमा बिरेनुनको गन्धमा ५० डिग्री सेल्सीयस तापक्रममा निस्कने तातोपानी सङ्कलन गरिएको पोखरीमा स्नान गरेमा चिसोका कारण हुने, छालाजन्य, चोटपटक लागेको, ढाड दुख्ने, सर्केमर्केको, ग्यास्ट्रिकलगायत स्वास्थ्य समस्या निको हुने जनविश्वास छ। तस्बिरः सन्तोष गौतम/रासस

# लेउवा संघमा ३ महिने प्लम्बिङ तालिम

**पोखरापत्र संवाददाता**
लेखनाथ, ३ चैत

लेखनाथ उद्योग वाणिज्य संघमा ३ महिने प्लम्बिङ तालिम सोमबारबाट शुरु भएको छ । व्यवसायिक तथा सिप विकास तालिम केन्द्र पोखराको आयोजना तथा लेखनाथ उद्योग वाणिज्य संघको समन्वयमा तालिमको आयोजना गरिएको हो।




तालिमको एक समारोहका विच उद्घाटन गर्दै लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष जानुका पराजुलीअधिकारीलेयुवाहरुलाई स्वरोजगार र उद्यमशील र आत्मनिर्भर बनाउन तालिमको आयोजना गरिएको वताउँदै स्वदेशमै केही गर्न चाहने वा विदेश जानेहरुका लागि पनि यस प्रकारका तालिम निकै उपयोगी हुने बताइन् । उनले पहिलो चरणको तालिम लिइसकेकालाई आवश्यक परेको खण्डमा 'एड्भान्स्ड' तालिम दिने योजना रहेको समेत वताएकी थिईन।

उनले तालिममा राज्य र निजि क्षेत्रको समेत लगानी रहेको वताउँदै यसको सहि सदुपयोग गर्न लगनशिल भएर सीप सिक्न सहभागि प्रशिक्षार्थीहरुलाई आग्रह गरेकी थिईन। कार्यक्रममा व्यवसायिक तथा सिप विकास तालिम केन्द्र पोखराका कार्यालय प्रमुख अनिल सुवेदीले सिप सिकेर दक्ष बन्न सकेको खण्डमा स्वदेशमै रहेर स्वरोजगार भई उद्यमी व्यवसायी समेत बन्न सकिने भएको हुँदा सहभागीहरूलाई व्यवसायिक रुपमा अघि बढ्ने सोचका साथ तालिम लिन आग्रह गरे । उक्त अवसरमा संघका निवर्तमान अध्यक्ष विनोद श्रेष्ठले संघले विगतदेखी नै विभिन्न सिपमुलक तालिमहरु सञ्चालन गर्दै आएको वताउँदै सिप सिकेपछि त्यसलाई व्यवहारमा सदुपयोग भए नभएको समेत संघले अनुगमन गर्ने वताएका थिए । हातमा सिप भएर पनि कोही दक्ष व्यक्ति बेरोजगार रहेको अवस्थामा रोजगारी दिलाउने विषयमा समेत संघले सहयोग गर्ने वताएका थिए। यस्तै संघका पुर्वअध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठीले तालिमले व्यक्तिलाई सिर्जनशिल, रोजगारयुक्त र क्रियाशिल बनाउने वताउँदै सक्रियताका साथ तालिम लिन सहभागीहरुलाई आग्रह गरेका थिए । संघका अध्यक्ष जानुका पराजुली अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन महासचिव भरतराज ओभ्फाले गरेका थिए।

# रुपातालमा १० हजार जातका माछाका भुरा छाडियो

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

कास्कीको लेखनाथस्थित रुपातालमा विभिन्न जातका १० हजार माछाका भुरा छाडिएको छ । रुपाताल सहकारीले रजत वर्षको अवसर पारेर तालको आयआर्जनमा सहयोग पुग्नेगरी माछाका भुरा छाडिएको हो।

रुपा गाउँपालिका र पोखरा महानगरपालिका-३२ मा पर्ने रुपाताल पुनःस्थापना तथा मत्स्यपालन सहकारी संस्थाले यस वर्षलाई रजत वर्षका रूपमा मनाउने योजनासहित तालमा विभिन्न जातका माछाका भुरा छाडिएकोसंस्थाका अध्यक्ष रामबहादुर थापाले जानकारी दिनुभयो । "विसं २०५८ मा ३६ जना शेयर सदस्यबाट सुरु गरिएको रुपाताल सहकारीले सफलतापूर्वक २५ वर्ष पार गरेको अवसरमा 'प्राकृतिक सम्पदाको संरक्षण गरौं, दिगो उत्पादनमा जोड दिउँ' भन्ने मूल नाराका साथ यस वर्षलाई रजत वर्ष मनाउने घोषणा गरिएको हो", अध्यक्ष थापाले भन्नुभयो।

स्थापनाकालमा ३६ जना शेयर सदस्यको रु पाँच हजार शेयर पुँजीबाट एक लाख ८३ हजार ६०० बाट सञ्चालित संस्था अहिलेसम्म आइपुग्दा एक हजार ५१ शेयर सदस्यमार्फत रु चार करोड २० लाख ४० हजार शेयर पुँजी बनाउन सफल भएको उहाँले जानकारी दिनुभयो।

तालमा माछाको भुरा छोड्दै बेगनास मत्स्य अनुसन्धान केन्द्रका प्रमुख डा मोहम्मद इकवाल हुसेनले तालको प्राकृतिक सौन्दर्यतालाई नबिगारी तालमार्फत आयआर्जनमा जोडिने गरी माछापालनलाई अगाडि बढाइएको बताउनुभयो। ताल मानव जातिका साथै जलचर प्राणीका लागि अनिवार्य भएकाले यसको सौन्दर्यलाई नबिगारी भावी पुस्तालाई हस्तान्तरण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। उहाँले तालमा माछाको साथमा सिपीबाट मोती निकाल्न सकिने परीक्षण सफल भएकाले रुपाताल माछाका लागि मात्र नभई सिपीका लागि पनि प्रमाणित भएको तथ्य प्रस्तुत गर्नुभयो।

सहकारीका संस्थापक अध्यक्ष लेखनाथ ढकालले स्थापनाकालदेखिको अवस्था र सहकारीको जोडबलमा नेपाल सरकारबाट रुपताल संरक्षणको परियोजना ल्याउन सफल भएको धारणा राख्नुभयो । कार्यक्रममा पूर्वअध्यक्ष शिवराज अधिकारीले पुराना अनुभवीको साथ र नयाँको जोशलाई भरपुर रूपमा उपयोग गरी यस ताललाई कसरी सुन्दर र आकर्षक बनाउन सकिन्छ भन्नेबारेमा साझा अवधारण बनाउनुपर्ने सुझाव दिनुभयो।

संस्थाका अध्यक्ष रामबहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष जानुका पराजुली अधिकारीले रुपाताल पर्यटकीय रूपमा महत्वपूर्ण गन्तव्य रहेको बताउनुभयो।

# कास्की-२ का एमाले उम्मेदवार रश्मि आचार्यद्वारा निर्वाचन खर्च विवरण पेश

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

कास्की निर्वाचन क्षेत्र नं. २ का नेपाल कम्युनिष्ट पार्टी (एमाले)का प्रतिनिधि सभा सदस्य उम्मेदवार रश्मि आचार्यले निर्वाचन खर्च विवरण पेश गरेका छन्। उनले निर्वाचनमा कुल २३ लाख ५०० रुपैयाँ खर्च भएको विवरण पेश गरेका हुन्।



जिल्ला निर्वाचन कार्यालय कास्कीमा पेश गरिएको विवरणमा निर्वाचन प्रचारप्रसार, कार्यालय सञ्चालन, कार्यकर्ता परिचालन, सवारी साधन, प्रचार सामग्री, मतदाता शिक्षा तथा विविध गरी ११ वटा शीर्षकमा खर्च गरिएको देखिन्छ । मुख्य खर्चहरूमा छपाई तथा विद्युतीय प्रचारमा ५ लाख ५० हजार, प्रचारप्रसार (झण्डा,व्यानर) मा ३ लाख ७० हजार, सवारी साधनमा ३ लाख, कार्यालय सञ्चालनमा ३ लाख ३० हजार, एसएमएस र सामाजिक सञ्जाल प्रचारमा २ लाख ६१ हजार रुपैयाँ खर्च भएको उल्लेख छ । त्यसैगरी, मनोनयन दर्ता शुल्क, मतदाता शिक्षा कार्यक्रम र अन्य प्रचार गतिविधिमा पनि रकम खर्च भएको छ। निर्वाचन ऐनअनुसार उम्मेदवारले निर्वाचन सम्पन्न भएको निश्चित समयभित्र आफ्नो खर्च विवरण अनिवार्य रूपमा सार्वजनिक गर्नुपर्ने प्रावधान रहेको छ। सोहीअनुसार आचार्यले आफ्नो खर्च पारदर्शी रूपमा सार्वजनिक गरेको बताएका छन्।

# 'पिएम कप' क्रिकेट गण्डकी छनोटः नवलपुरलाई हराउँदै कास्की च्याम्पियन

**पोखरापत्र संवाददाता**
गण्डकी, ३ चैत

पोखरामा सञ्चालन भएको प्रधानमन्त्री कप(पिएम कप) क्रिकेट गण्डकी प्रदेश छनोट प्रतियोगितामा घरेलु टोली कास्कीले उपाधि जितेको छ।

पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा आज सम्पन्न फाइनल खेलमा नवलपुरलाई ४८ रनले पराजित गर्दै कास्की लगातार दोस्रो पटक च्याम्पियन बन्न सफल भयो । यसअघि अघिल्लो वर्ष समेत कास्कीले उपाधि आफ्नो पोल्टामा पारेको थियो । फाइनल खेलमा कास्कीले टस जितेर पहिले ब्याटिङ गर्दै ५० ओभरमा आठ विकेट गुमाएर २४० रन बनायो । उपाधिका लागि २४१ रनको विजयी लक्ष्य पछ्याएको नवलपुर ४३ ओभरको दोस्रो बलमा जम्मा १९२ रन बनाएर 'अलआउट' हुन पुग्यो। कास्कीको जितमा अर्जुन कुमाल नायक बने। उनले एक सय ३१ बलमा १११ रनको उत्कृष्ट शतकीय इनिङ खेल्दै टोलीलाई बलियो स्थितिमा पुऱ्याए।

सुभास भण्डारीले ५३ बलमा ४२ रन बनाए। अन्तिम समयमा कृष्ण पौडेलले आक्रामक ब्याटिङ गर्दै १४ बलमा २७ रन जोड्दा टोलीको स्कोर प्रतिस्पर्धात्मक बनेको थियो । बलिङतर्फ नवलपुरका अपराजित पौडेल र कमल परियारले समान दुई/दुई विकेट लिए भने मुन्ना नेपाली र सुदीप अर्यालले एक/एक विकेट हात पारे। नवलपुरले सन्तोषजनक सुरुआत गरे पनि ठूलो साझेदारी गर्न सकेन। गौरव विश्वकर्माले २६ र अनिश गुरुङले १५ रन बनाए। दीपक डुम्रेले ३६ रनको योगदान दिए पनि अन्य ब्याटर टिक्न नसक्दा टोली दबाबमा परेको थियो । कास्कीका लागि कृष्ण पौडेलले चार विकेट तथा कप्तान विपिन खत्री र सुभाष भण्डारीले समान दुई/दुई विकेट लिए भने सिब्रिन श्रेष्ठले एक विकेट हात पारे । कास्कीका अर्जुन कुमाल 'प्लेयर अफ दि सिरिज' तथा प्रतियोगिताको उत्कृष्ट 'व्याटर' समेत घोषित भए । अर्जुनले प्रतियोगितामा दुई सतकसहित ३२७ रन बनाए । प्रतियेगितामा सर्वाधिक १२ विकेट लिएका कास्कीका विपिन खत्री उत्कृष्ट बलर घोषित भए।

प्रतियोगितामा विजेता टिम तथा खेलाडीहरूलाई नेपाल क्रिकेट सङ्घ (क्यान)का सदस्य सुदीप शर्मा, प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देल, उपाध्यक्ष प्रकाश पौडेल, सचिव सुमनराज कार्कीलगायतले ट्रफी, मेडल तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो। गत फागुन २७ गतेदेखी सुरु भएको प्रतियोगितामा गण्डकी प्रदेशका छ जिल्लाको सहभागिता थियो। प्रतियोगितामा खेलाडीहरूले गरेको प्रदर्शनका आधारमा उत्कृष्ट २४ जना खेलाडी छनोट गरी उनीहरूलाई आसन्न प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि बन्द प्रशिक्षणमा सहभागी गराइने आयोजक प्रादेशिक क्रिकेट सङ्घ गण्डकीका अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिनुभयो।

# दादुराका ६७ बिरामी उपचारपछि घर फर्के, २० जनाको 'आइसोलेसन' उपचार जारी

**पोखरापत्र संवाददाता**
गलकोट, ३ चैत

दादुराबाट प्रभावित ढोरपाटनका बिरामीमध्ये ६७ जना घर फर्केका छन् भने २० जनाको 'आइसोलेसन'मा उपचार भइरहेको छ।

फागुनको पहिलो सातादेखि ढोरपाटनमा फैलिएको दादुराका १२६ जना बिरामीलाई बोबाङ स्वास्थ्य चौकी र बुर्तिबाङ अस्पतालमा आइसोलेसनमा राखेर उपचार गरिएको थियो । दादुराबाट बोबाङ, सेराबाङ र लाकुरीबोट गाउँ प्रभावित भएका थिए। प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख प्रवीण शर्माका अनुसार बुर्तिबाङ अस्पतालमा १६ र बोबाङ स्वास्थ्यचौकीमा चार गरी २० बिरामीको उपचार भइरहेको छ। काठमाडौँस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट परीक्षण गरिएकामा सात जनामा दादुरा सङ्क्रमण पुष्टि भएपछि युद्धस्तरमा बिरामीलाई खोजेर उपचार थालिएको हो। यसैबीच, जनस्वास्थ्य कार्यालयका खोप 'सुपरभाइजर' राजु खत्रीका अनुसार पाँच हजार ७६७ जनालाई दादुराविरुद्धको खोप लगाइएको छ । नगरपालिकाका सबै वडाका १० देखि १९ वर्ष उमेर समूहका किशोरकिशोरीलाई खोप लगाइएको हो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# रोकिएन आसेपासे पोस्ने प्रवृत्ति

अन्तरिम चुनावी सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले जाँदाजाँदै पनि सुशासनको धज्जी उडाएकी छन् । सुशासनको नारासहित भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको जगमा प्रधानमन्त्री बनेकी कार्कीले सिंहदरबारबाट बिदा हुनुअघि गरेको कामलाई लिएर चौतर्फी आलोचना भइरहेको छ । विभिन्न प्रतिकूलता र आशंकाकाबीच सफलतापूर्वक चुनाव सम्पन्न गराएको भन्दै प्रशंसा पाइरहेकी कार्कीले जाने बेलामा गरेका नियुक्ति र सिफारिशले गम्भीर प्रश्न उठाएको छ ।

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनबाट नयाँ प्रतिनिधिहरू चयन भएर आइसकेका छन् । झन्डै दुईतिहाइ सीट जितेको राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाहको नेतृत्वमा नयाँ सरकार गठन हुने तयारी अन्तिम चरणमा छ । निर्वाचन आयोगले राष्ट्रपतिसमक्ष प्रतिवेदन बुझाएलगत्तै नयाँ चुनिएर आएका जनप्रतिनिधिको सरकार बन्ने छ । तर, त्यसको पूर्वसन्ध्यामा सुशीलाले जेनजी आन्दोलनको मर्मविपरीत आसेपासेलाई नियुक्ति दिने काम गरेकी छन । जाने बेलामा उनले आफ्नै प्रमुख स्वकीय सचिव आदर्श श्रेष्ठलाई राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्ष पदमा मनोनीत गरेकी छन् । त्यसैगरी, आफ्नै मन्त्रिपरिषदका सदस्य बहालवाला गृहमन्त्री ओमप्रकाश अर्याललाई राष्ट्रिय सभा सदस्यमा सिफारिश गरेकी छन् । आइतबार बसेको मन्त्रिपरिषद बैठकले गृहमन्त्री अर्याललाई राष्ट्रिय सभा सदस्यमा मनोनयनका लागि राष्ट्रपतिसमक्ष सिफारिश गर्ने निर्णय गरेको थियो । सुशीला कार्की नेतृत्वको सरकारले गरेको काम राजनीतिक रूपमा अनैतिक हुनुका साथै सांस्कृतिक रूपमा समेत अनैतिक भएको आलोचकको भनाइ छ । योग्यताको आधारमा नियुक्ति दिनुपर्नेमा त्यसलाई उपेक्षा गरिएको छ ।

सरकारले जाँदाजाँदै आसेपासे र नातावादका आधारमा नियुक्ति दिनु तथा लाभको पदमा सिफारिश गर्नु गलत हो । प्रधानमन्त्री कार्कीले आफ्ना पीएलाई दिएको राजनीतिक नियुक्तिलाई लिएर जेनजी अभियन्ताले समेत विरोध जनाएका छन् । विषय विज्ञता भएको व्यक्तिलाई नियुक्त गर्नुपर्नेमा प्रधानमन्त्री कार्कीले पीएलाई नियुक्त गर्नु गलत हो । 'राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्षको काम के हो, त्यहाँ कस्तो मान्छे नियुक्त हुने गरेको थियो भन्ने अध्ययन गर्दा विगतमा त्यो पदमा अधिराजकुमारहरू अध्यक्ष हुने, पछिल्लो समयमा वनमन्त्री अध्यक्ष हुने गरेको थिए ।' त्यसबाहेक वन, वन्यजन्तु, निकुञ्ज आदि बुझेको विज्ञ मान्छे त्यहाँ नियुक्त हुनुपर्नेमा प्रधानमन्त्रीले विषय विज्ञभन्दा बाहिरबाट नियुक्त भएको छ । त्यो त एकदमै गलत कुरा हो ।

अर्कातर्फ, वकालतमा फर्किन्छु भनेका गृहमन्त्रीलाई राष्ट्रियसभामा सिफारिश गरिएको आसेपासेलाई पोस्ने काम हो । चुनावअघि पनि कैयन विषयमा सुशीलाको आलोचना भएको थियो । पारदर्शिताको प्रश्न उठिरहेका बेला सुशीला र उनको मन्त्रिपरिषदका सदस्यहरूको सम्पत्ति विवरण सार्वजनिक भएको थिएन । सरकारको नेतृत्व लिएसँगै उनले विभिन्न ११ देशका राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेकी थिइन् । असोज ३० गते उनले चीन, जर्मनी, इजरायल, मलेसिया, कतार, रुस, साउदी अरब, स्पेन, अमेरिका, बेलायत र जापानका राजदूतलाई फिर्ता बोलाएकी थिइन् । चुनावी कार्यादेश भएको सरकारले राजदूत फिर्ता बोलाएको भनेर चर्को आलोचना समेत भएको थियो । सर्वोच्चले राजदूतहरूलाई फिर्ता नगर्न अन्तरिम आदेश दिए पनि कार्कीले त्यसलाई छल्दै परराष्ट्र मन्त्रालयमा हाजिर हुन भनेर बोलाएकी थिइन् । फिर्ता बोलाइएका ११ मध्ये ४ जनाले राजीनामा दिएका छन् । बाँकी परराष्ट्र मन्त्रालयमा दिनहुँ हाजिरी गरेर फर्किने गरेका छन् ।

त्यसैगरी, कार्की नेतृत्वको सरकारले नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई हटाउने निर्णय समेत गरेको थियो । तर, सर्वोच्चले त्यसलाई उल्ट्याइदिएपछि शाक्य प्राधिकरणमा फर्किएका छन् । पुराना दलका यस्ता गतिविधिको विरोधमा जेनजी आन्दोलन भएको र त्यसपछिको चुनावमा जनताले अभूतपूर्व जनादेश दिएको स्थितिमा सुशीलाले गरेको पछिल्लो कामले निकै नै गम्भीर प्रश्न खडा गरेको छाके बोल्छ होइन के गर्छ भनेर नसोच्ने नेपाली जनताको अदुरदर्शिताको फाइदा यस्तै पात्रले पाएका छन।नेपाली उखान "जुन जोगी आएपनि, कानै चिरेको थैलै भिरेको "जस्तो भएको छाजे प्रबृत्तिको बिरोध गरेर सत्तामा गयो त्यही प्रबृत्ति बढाउनु विडम्बना हो।यस्ता प्रबृत्ति रोक्न नागरिक नै सचेत नबनेसम्म जारी रहनेछ ।

# दोहोरो नागरिकता लिने व्यक्ति नियन्त्रणमा

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

जिल्ला प्रशासन कार्यालय कास्कीले दोहोरो नागरिकता लिने एक जनालाई नियन्त्रणमा लिएको छ ।

तत्कालीन रूकुमबाट पहिलो २०४७ फागुन २९ मा नेपाली नागरिकताको प्रमाणपत्र लिएका जितबहादुर पुनका छोरा हीराधन पुनलाई नियन्त्रणमा लिइएको हो । कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले निजले आफ्नो वास्तविक नाम थर, जन्म मिति, जन्म स्थान, स्थायी ठेगाना र बाबुको नाम थर समेतको विवरण फरक पारी जिल्ला प्रशासन कार्यालय, कास्कीबाट २०५८ वैशाख २० मा पुनःनेपाली नागरिकताको प्रमाणपत्र लिएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको जानकारी दिनुभयो । उहाँका अनुसार निज व्यक्तिलाई नियन्त्रणमा लिई दोहोरो नेपाली नागरिकता लिएको विषयमा थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा पठाइएको छ ।

# प्रि-मनसुन बिहीबारदेखि फेरि बदली बढ्ने

**रासस**
काठमाडौं, ३ चैत

प्रि-मनसुनका कारण पछिल्लो एक साता बदली र वर्षा भइरहेको छ । नेपालमा मंगलबार केही सुधार भएको मौसम बुधबार पनि साधारणतया सफा नै रहने तर बिहीबारदेखि भने पुनःबदली बढ्ने जल तथा मौसम विज्ञान विभागले जनाएको छ । विभागका अनुसार बुधबार छिटपुटबाहेक प्रायजसो स्थानमा आजको जस्तै मौसम सफा भए पनि बिहीबारबाट भने क्रमशः बढ्ने देखिएको छ ।

विभागका वरिष्ठ मौसमविद् वरुण पौडेलले प्रि मनसुनका समयमा कुनैबेला खुल्ने, फेरि प्रणाली विकास भएर बदली हुनेक्रम जारी रहने र बिहीबारबाट बदली थपिने बताउनुभयो । शुक्रबार र शनिबार बदली थप बढी देखिने र ठाउँठाउँमा वर्षा हुने तर देशैभरि एकैसाथ पानी पर्नेभन्दा पनि कतै पर्ने कतै रोकिने अवस्था रहने उहाँले बताउनुभयो । वरिष्ठ मौसमविद् वरुण पौडेलले प्रि मनसुनका समयमा हावाहुरी, चट्याङ र असिनापानीको बढी जोखिम हुने पनि बताउनुभयो । कतै घाम लागिरहेको समयमा अर्को ठाउँमा हावाहुरी र असिनापानीले ठूलो असर गराउने भएकाले सचेत रहन उहाँको आग्रह छ ।

हाल नेपालमा पश्चिमी न्यूनचापीय प्रणाली र स्थानीय वायुको आंशिक प्रभाव रहेको छ । विभागले मंगलबार साँझ सार्वजनिक गरेको बुलेटिनमा बुधबार देशको हिमाली भू-भागमा साधारणतया बादल लाग्ने तथा बाँकी पहाडी र तराई भू-भागमा आंशिक बादल लाग्ने छ । कोशी, गण्डकी र कर्णाली प्रदेशको हिमाली भू-भागका एक-दुई स्थानमा मेघगर्जन, चट्याङसहित हल्का वर्षा र हिमपातको सम्भावना रहेको छ ।

बिहीबार लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशलगायत गण्डकी, वाग्मती र कोशी प्रदेशको पहाडी र हिमाली भू-भागमा साधारणतया बादल लाग्ने तथा बाँकी भू-भागमा आंशिक बादल लाग्ने जनाइएको छ । कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी र हिमाली भू-भागका केही स्थान, लुम्बिनी र गण्डकी प्रदेशको पहाडी र हिमाली भू-भागका थोरै स्थान तथा वाग्मती र कोशी प्रदेशका पहाडी र हिमाली भू-भागका एक-दुई स्थानमा मेघगर्जन, चट्याङ, असिनासहित मध्यम वर्षा र हिमपातको सम्भावना रहेको छ ।

# 'गण्डकी प्रदेशस्तरीय गाउँ पर्यटन मार्ट २०८३' बन्दीपुरमा हुने

**पोखरापत्र संवाददाता**
गण्डकी, ३ चैत

तनहुँको बन्दीपुरमा गण्डकी प्रदेशस्तरीय गाउँ पर्यटन मार्ट २०८३ आयोजना गरिने भएको छ ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश र बन्दीपुर गाउँपालिकाको संयुक्त आयोजना एवम् गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपाल (भिटोफ) गण्डकी प्रदेशको सह-आयोजनामा सो मार्ट हुन लागेको हो ।

गण्डकी प्रदेशको ग्रामीण पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित आगामी वैशाख १८ र १९ गते मार्ट गर्न लागिएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले बताउनुभयो । पोखरा पर्यटन परिषद्, होमस्टे महासङ्घ नेपाल, गण्डकी प्रदेशलगायत पर्यटन सम्बद्ध सङ्घसंस्थासँगको सहकार्यमा हुने मार्टमा गण्डकी प्रदेशका सामुदायिक घरबास (होमस्टे), पर्यटकीय कृषि फार्म (फार्म स्टे) सहित विभिन्न ३० वटा होमस्टे कक्षहरू रहने उहाँले जानकारी दिनुभयो । यसअघि मार्टका तीनवटा संस्करण पोखरामा गरिएकामा यस पटक भने बन्दीपुरमा गर्न लागिएको हो । मार्टमार्फत भिजिट मधेस २०८३, पोखरा भ्रमण वर्ष समेतलाई समेट्न खोजिएको उहाँको भनाइ छ ।

# गण्डकी प्रदेशसभाको अधिवेशन आह्वान

**पोखरापत्र संवाददाता**
पोखरा, ३ चैत

गण्डकी प्रदेशसभाको अधिवेशन आह्वान गरिएको छ । प्रदेश प्रमुख डिल्लीराज भट्टले प्रदेश सरकार, मन्त्रिपरिषद्को सिफारिसमा यही चैत ८ गतेदेखि सुरु हुने गरी अधिवेशन आह्वान गर्नुभएको प्रदेशसभा सचिवालयले जनाएको छ । चैत ८ गते आइतबार अपरान्ह १:०० बजेदेखि प्रदेशसभा भवन पोखरामा अधिवेशन बस्ने सचिवालयद्वारा मंगलबार जारी सूचनामा उल्लेख छ ।

# ढोरपाटनमा फैलिएको दादुरा अझै नियन्त्रणमा आएन

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ चैत

बागलुङको ढोरपाटनमा फैलिएको दादुरा सङ्क्रमण नियन्त्रणका लागि सबै वडाका बालबालिका र किशोरकिशोरीलाई खोप लगाइएको छ । पालिकाको नौवटै वडामा स्वास्थ्यकर्मी परिचालन गरी १० देखि १९ वर्ष उमेर समूहका पाँच हजार ६५६ जनालाई खोप लगाइएको हो ।

ढोरपाटन नगरपालिका-७, ८ र ९ का विभिन्न गाउँमा दादुरा सङ्क्रमित फेला परेपछि खोप अभियान सुरु गरिएको हो । गत फागुन २९ गतेदेखि यही चैत १ गतेसम्म खोप अभियान सञ्चालन गरिएको थियो । छुटेकालाई चैत ५ गतेसम्म बुर्तिबाङ अस्पतालबाट खोप दिइने प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका सूचना अधिकारी देवप्रकाश घिमिरेले जानकारी दिनुभयो । सङ्क्रमण नियन्त्रणका लागि विश्वस्वास्थ्य सङ्गठन र प्रदेश जनस्वास्थ्य कार्यालयको समूह ढोरपाटनमा खटिएको उहाँको भनाइ छ । हालसम्म सात जनामा सङ्क्रमण पुष्टि भइसकेको जनाउँदै उहाँले १०३ जना शङ्स्कापद बिरामी रहेका बताउनुभयो ।

एक्काइस जनाको नमुना परीक्षणका राष्ट्रिय स्वास्थ्य प्रयोगशाला काठमाडौँमा पठाइएको घिमिरेले जानकारी दिनुभयो। उहाँका अनुसार बुर्तिबाङ अस्पतालमा २४ जना र बोबाङ स्वास्थ्यचौकीमा छ उपचाररत रहेका छन् । छुटेका बालबालिका र किशोरकिशोरीलाई पुनःविद्यालय र विद्यालय नजानेलाई घरमा र स्वास्थ्य संस्थामा पुगेर खोप लगाइने घिमिरेले बताउनुभयो ।

उहाँले भन्नुभयो, "ढोरपाटनका नौवटै वडाका अधिकांश बालबालिका र किशोरकिशोरीलाई खोप लगाइसकेका छौँ, अब बाँकी छुटपुटलाई पनि स्वास्थ्य संस्था र बुर्तिबाङ अस्पतालबाट दिइनेछ । खोप लगाएपछि सङ्क्रमण नियन्त्रणमा आउने अपेक्षा लिएका छौँ ।" गाउँभरि दादुरा सङ्क्रमण फैलिएपछि बन्द भएका विद्यालय सञ्चालनमा आएका छन् । सङ्क्रमण कम हुन थालेपछि करिब दुई सातापछि विद्यालय सञ्चालन गरिएको हो ।

यस क्षेत्रका करिब आधा दर्जन विद्यालय बन्द गरिएको थियो । दादुरा सङ्क्रमितको उपचार र गाउँका अन्य बालबालिकालाई खोप लगाएपछि विद्यालय सञ्चालन गरिएको ढोरपाटन नगरपालिकाका स्वास्थ्य प्रमुख भूमिश्वार शर्माले जानकारी दिनुभयो । गत फागुन २१ गते बोबाङ गाउँका केही बालबालिकामा लक्षण देखिएपछि राष्ट्रिय प्रयोगशालामा नमुना परीक्षणका लागि पठाइएको थियो ।

# 'अफ्रिकन स्वाइन फिभर'का कारण एकसय बीस बङ्गुर मरे

**पोखरापत्र संवाददाता**
चितवन ३ चैत

अफ्रिकन स्वाइन फिभरका कारण जिल्लामा १२० वटा बङ्गुर मरेका छन् ।

इ च्छा का म ना गाउँपालिकास्थित दुईवटा फार्म र भरतपुर महानगरपालिकाको एउटा फार्मका बङ्गुर मरेका हुन् ।

भरतपुर महानगरपालिकाको थप एउटा फार्ममा समेत फिभरको लक्षण देखिएपछि नमूना सङ्कलन गरी परीक्षणका लागि पठाइएको पशु सेवा कार्यालयका प्रमुख डा प्रभात न्यौपानेले जानकारी दिनुभयो ।

उहाँका अनुसार अफ्रिकन स्वाइन फिभर घरपालुवा सुँगुर, बँदेल, बङ्गुर प्रजातिमा भाइरसबाट लाग्ने उच्च मृत्युदर भएको सरुवा रोग हो । यो रोग नेपालमा पहिलोपटक २०७९ साल जेठ २ गते पुष्टि भएको थियो । रोग सङ्क्रमित सुँगुर बङ्गुरबीच प्रत्यक्ष सम्पर्कबाट, रोगी बङ्गुरको र्‍याल, मलमूत्र, रगत, मासु र लसपस भएको दानापानीबाट, बिरामी बङ्गुरको ओसारपसार वा किनबेच गर्दा, सङ्क्रमण खोरमा काम गर्ने कामदार र सङ्क्रमित खोरमा गएको मानिसले प्रयोग गरेको लुगाकपडा, जुत्ता चप्पल आदि प्रयोग गर्दा सर्न सक्ने न्यौपानेले जानकारी दिनुभयो ।

यो रोग लागेका बङ्गुरहरू एकै ठाउँमा थुप्रिएर बस्ने, शरीरमा निला डामहरू देखापर्ने, कानका टुप्पाहरूमा रगत जमेका धब्बाहरू देखिने, नाकबाट फिज निकाल्ने, रोग सङ्क्रमित सुँगुर-बङ्गुरलाई उच्च ज्वरो (१०४ देखि १०७ डिग्री फरेनहाइट) आउने, कान, पुच्छर, पेटको तल्लो भागको बाहिरी छाला रातो हुने, झोक्राउने र दानापानी खान छोड्ने, बान्ता गर्ने, छट्पटाउने, चाल धरमराउने, बच्चा तुहिनेजस्ता लक्षणहरू देखापर्ने उहाँले बताउनुभयो । यस रोगबाट बच्न बङ्गुरपालन गर्दा खोरमा थुनेर पाल्ने, बङ्गुरको खोरमा अनावश्यक मानिसको आवत-जावत रोक्ने, बङ्गुर फार्ममा जैविक सुरक्षा विधि अवलम्बन गर्नेजस्ता उपायहरू अपनाउनुपर्ने कार्यालयले जनाएको छ ।

बाहिरको बथानबाट नयाँ बङ्गुर ल्याएमा सिधै फार्ममा रहेका बङ्गुरसँग नमिसाई २१ दिन क्वारेन्टाइनमा राख्ने र रोग नदेखिएपछि मात्र बथानमा मिसाउने, बङ्गुरको खोर फार्म र फार्म वरिपरि नियमित सरसफाइ गरी चुना, फिनेल, फर्मालिन, ब्लिचिङ पाउडर आदिले निःसङ्क्रमण गर्ने, रोग लागेका बङ्गुरलाई बथानबाट छुट्याएर अलग राख्नेजस्ता कार्य गर्दा क्षति कम हुने न्यौपानेको भनाइ छ ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २२ चिल्डेधुम भेडीखर्क मोटर बाटो स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम : चिल्डेधुम भेडीखर्क मोटर बाटो स्तरोन्नती**
**उपभोक्ता समितिको नाम : चिल्डेधुम भेडीखर्क मोटर बाटो स्तरोन्नती समिति, पोखरा-२२, कास्की**
**जम्मा सदस्य संख्या : ७**
**महिला सदस्य संख्या : २**
**योजना सम्झौता मिति : २०८२/०९/१६**
**योजना सुरु मिति : २०८२/०९/१७**
**योजना सम्पन्न मिति : २०८२/११/१५**
**पो.म.न.पा. वडा नं. २२ बाट : रु. ६,८०,०००/-**
**उपभोक्ताबाट : रु. ७५,८४९/९४**
**योजनाको कुल लागत : रु. ७,५५,८४९/९४**

**डिल्लीराम पौडेल**
**अध्यक्ष**
**चिल्डेधुम भेडीखर्क मोटर बाटो स्तरोन्नती समिति, पोखरा-२२, कास्की**

## सार्वजनिक सुनुवाई कार्यक्रम हुने सूचना

यस माछापुच्छ्रे गाउँपालिका वार्ड नं. ४ सिम्ले स्थित रहेको कि.नं.८९२ (महादेव अधिकारी), ८९३ (नन्दकली अधिकारी), ८९४(नरहरी अधिकारी) र कित्ता नं ८९५ (हिम कली अधिकारी) को निजि जग्गामा आवास, कृषि, व्यावसायिक वा गैर कृषि प्रयोजनको लागि जग्गा व्यवस्थापन गर्दा निस्कने पदार्थ संकलन/उत्खनन् र ढुवानी कार्य गर्ने प्रस्ताव कार्यान्वयनका लागी वातावरणीय अध्ययन (IEE) हुन गईरहेको र सोहि सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना हुन गईरहेकाले यस प्रस्तावसँग सम्वन्धित सम्पूर्ण सरोकारवाला संघ संस्था तथा स्थानीयवासीहरुलाई निम्न, मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित भई आफ्नो राय तथा सुझाब दिनुहुन् अनुरोध छ ।

**मिति** : **२०८२/१२/७ गते शनिवार**

**स्थान** : **सिम्ले स्थित निजि जमिन व्यवस्थापन गरिने ठाउँ, वार्ड नं. ४**

**समय** : **बिहान ११ बजेदेखि**

## तपाईको आज

| | | | |
|---|---|---|---|
| **मेष** | : सत्कार मिल्नेछ | **तुला** | : शुभ यात्रा |
| **वृष** | : अप्रत्यसित लाभ | **वृश्चिक** | : स्वास्थ्यमा सुधार |
| **मिथुन** | : शारीरिक झमेला | **धनु** | : आर्थिक समस्या |
| **कर्कट** | : मानसिक तनाब | **मकर** | : शत्रुको भय |
| **सिंह** | : ब्यापारमा लाभ | **कुम्भ** | : सहयोग मिल्नेछ |
| **कन्या** | : झमेला बड्ने | **मीन** | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# एसइई परीक्षा व्यवस्थापनसम्बन्धी कार्यशाला पोखरामा

**पोखरापत्र संवाददाता**
गण्डकी, ३ चैत

माध्यमिक शिक्षा परीक्षा (एसइई) सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यका साथ पोखरामा दुईदिने कार्यशाला सुरु गरिएको छ । गण्डकी प्रदेशको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत शिक्षा विकास महाशाखाको आयोजनामा एसइई परीक्षा सञ्चालन तथा व्यवस्थापन सुधार कार्यशाला सुरु गरिएको हो ।

कार्यशालामा शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न सरोकार भएका निकायका प्रतिनिधि, शिक्षक, परीक्षा व्यवस्थापनमा संलग्न प्रतिनिधि तथा सम्बन्धित निकायका अधिकारीहरूको सहभागिता छ । कार्यशालाबाट तयार हुने प्रतिवेदनका आधारमा गण्डकी प्रदेश सरकारले शिक्षामा आफ्नो अधिकारअनुरूप काम अगाडि बढाउने र आवश्यक विषयमा केन्द्र सरकारलाई सिफारिस गरिने शिक्षा विकास महाशाखाका प्रमुख दामोदर सुवेदीले जानकारी दिनुभयो ।

विद्यार्थीको रजिस्टेसनदेखि प्रमाणपत्र प्राप्त गर्ने समयसम्म देखिने समस्यालाई सम्बोधन गर्ने गरी नीति तथा व्यवस्थापन सुधार गर्नुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो । कार्यशालालाई सम्बोधन गर्दै गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री बिन्दुकुमार थापाले एसइई जस्तो महत्वपूर्ण राष्ट्रिय परीक्षालाई व्यवस्थित, पारदर्शी र प्रभावकारी ढङ्गले सञ्चालन हुनुपर्नेमा जोड दिनुभयो । परीक्षा व्यवस्थापनमा संलग्न सरोकारवालाबीच अनुभव आदानप्रदान, समस्या पहिचान तथा समाधानका उपायबारे कार्यशालामा गहन छलफल हुने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धि गर्दै विद्यार्थीमैत्री र व्यवस्थित परीक्षा प्रणाली विकास गर्नु प्रदेश सरकारको प्राथमिकतामा रहेको बताउँदै उहाँले शिक्षाको गुणस्तर सुधार र परीक्षालाई अझ व्यवस्थित बनाउँदै लैजान प्रदेश सरकार प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो ।

राष्ट्रिय परीक्षा बोर्डका पूर्वअध्यक्ष डा महाश्रम शर्माले शिक्षाका क्षेत्रमा गण्डकी प्रदेशले आफ्नो अधिकारअनुसार प्रभावकारी काम गरिरहेको बताउनुभयो ।

सूचना, सञ्चार तथा प्रविधिमा आएको परिवर्तनलाई आत्मसात गर्दै परीक्षा प्रणालीलाई अझ व्यवस्थित र अन्तरराष्ट्रियस्तरको बनाउन निरन्तर मेहनत गर्नुपर्ने उल्लेख गर्नुभयो । उहाँले पारदर्शी, व्यावहारिकव्यवस्थितव्यवस्थापनबाट परीक्षा प्रणालीमा सुधार ल्याउन सकिने धारणा राख्नुभयो । राष्ट्रिय परीक्षा बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख सुभाष पन्तले एसइई परीक्षालाई प्रविधिमैत्री ढङ्गले व्यवस्थित गर्नेतर्फ विशेष ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

# महिलालाई उत्पादनमा जोड्न बाख्राका पाठी र बीउ बोका वितरण

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ३ चैत



स्याङ्जाको वालिङ नगरपालिका-११ का महिलाहरूलाई उत्पादनमा जोड्न बाख्राको बीउ पाठापाठी वितरण गरिएको छ । स्थानीय कागतीभन्ज्याङ स्वावलम्बी महिला बाख्रापालन समूहका सदस्यहरुलाई बीउ पाठी तथा बीउ बोका वितरण गरिएको हो ।

महिला सदस्यहरुलाई बीउ पाठी वितरण गर्नु हुँदै वालिङ नगरपालिकाका उपप्रमुख कविता तिवारी गैह्रेले महिलाहरुलाई उत्पादनमा जोड्ने अभियानमा पालिका लागि परेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो,“साना किसान तथा महिलाहरुलाई उत्पादनमा जोड्ने अभियानका साथ नगरपालिकाले काम गरिरहेको छ ।” सो अवसरमा उपप्रमुख तिवारीले स्थानीय उत्पादनको बजारीकरणका लागि पैचो कार्यक्रम सञ्चालन गर्न लागिको बताउनु भयो । १४ वटै वडाका कृषकले उत्पादन गरेका बस्तुलाई सहज रुपमा बजार सम्म पुर्‍याउने पालिकाको योजना रहेको उहाँको भनाइ छ । गाउँगाउँमा उत्पादन भएका सामाग्रीहरुको सहज बजारीकरण पश्चात उत्पादन बढ्ने तिवारीको विश्वास छ । कार्यक्रममा बोल्नुहुँदै वडा नं.११ का वडाअध्यक्ष डण्डपानी पंगेनीले महिलाहरुलाई उत्पादनमा जोड्न बाख्रा वितरण गरिएको जानकारी दिनुभयो । साना किसानलाई उत्पादनमा जोड्न सके मात्रै महिलाहरु आर्थिक रुपमा सबल हुने उहाँको भनाइ छ । ग्रामीण क्षेत्रको विकासका लागि महिलाउत्पादनमा जोडिन जरुरी रहेको पंगेनीले बताउनु भयो । आर्थिक समृद्धिका लागि साझेदारी कार्यक्रम अन्तर्गत भोकालाई एक छाक भोजन होईन , जिउने जुक्ति सिकाऔं भन्ने मुलनाराका साथ वालिङ नगरपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक सहयोग तथा दियालो संस्थाको व्यवस्थापनमा सञ्चालन भईरहेको वालिङ कृषि विकास परियोजना अन्तरगत बीउका रुपमा पाठापाठी वितरण गरिएको नगरपालिकाले जनाएको छ । बाख्राको नस्ल सुधार गरि आम्दानी बढाउन पाठीसँगै बोका वितरण गरिएको वालिङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदीले जानकारी दिनुभयो । नस्ल सुधारका लागि कृषकलाई सचेत गराउने र पालिकाले सहयोग गर्ने काम भईरहेको उहाँको भनाइ छ ।

कार्यक्रम अन्तरगत कागतीभन्ज्याङ स्वावलम्बी महिला बाख्रापालन समूहका २१ जना सदस्यहरुलाई पाठापाठी वितरण गरिएको परियोजनाले जनाएको छ । उनीहरुलाई आवश्यक तालिम सिकाउँदै उत्पादनमा जोड्ने परियोजनाका कर्मचारी सुस्मिता पौड्यालले जानकारी दिनुभयो ।

वालिङ नगरपालिकाको वडा नं.१ देखि १४ सम्म सञ्चालन भएको परियोजनाले महिला तथा साना किसानलाई उत्पादनमा जोड्न विभिन्न क्रियाकलाप गर्दै आएको छ ।

# मानवीय लापरवाहीबाट डढेलोको उच्च जोखिम

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ चैत

सुख्खायामसँगै म्याग्दीमा डढेलोको जोखिम बढेको छ । आगोको जथाभावी प्रयोगले वनजङ्गलमा डढेलोको जोखिम बढेको हो ।

आगलागीका घटनाले वनजङ्गलसँगै, वन्यजन्तु, जडीबुटी र पर्यावरणमा विनाश निम्त्याउने गरेको छ । डिभिजन वन कार्यालयका प्रमुख डिभिजनल वन अधिकृत वसन्तकेशव अधिकारीले ९६ प्रतिशत डढेलोको कारण मानवीय लापरवाही भएको पाइएको बताउनुभयो । “घाँस पलाउने बाहना, अवैध सिकार र आगोको जथाभावी प्रयोगले वनजङ्गलमा डढेलोको जोखिम बढेको हो”, उहाँले भन्नुभयो, “खोरीया फडानी गरी खेती गर्न, हिंसक वन्यजन्तु धपाउन, वन्यजन्तुको सिकार, वन अपराध लुकाउन, वन कर्मचारी वा छिमेकी वन उपभोक्ता समूहसँगको रिसइवीका कारण डढेलो लगाउने गरेको पाइएको छ ।” फागुन, चैत, वैशाख र जेठमा बढी डढेलो लाग्ने गरेको छ । रुख बिरुवा, जडीबुटी, वन्यजन्तु र पन्छीको वासस्थान डढेलोबाट नष्ट हुने गरेको छ । डढेलो निभाउने क्रममा विगतका वर्षमा मानवीय क्षति भएको थियो । म्याग्दी डढेलोको जोखिमका हिसाबले नेपालका ७७ जिल्लामध्ये ३०औँ स्थानमा छ । आर्थिक वर्ष २०७९/८० मा १०२ ठाउँमा ७९० हेक्टर, २०८०/८१ मा १४५ स्थानमा ८९० हेक्टर र २०८१/८२ मा ११५ स्थानमा ८०५ हेक्टर वन डढेलोले क्षति गरेको डिभिजन वन कार्यालयको तथ्याङ्क छ ।

गोठालाले राम्रो घाँस पलाउँछ भनेर जङ्गल र भिरमा आगो लगाउने चलन छ । सिकारीले वन्यजन्तु र पन्छीलाई भगाउन डढेलो लगाउँछन् । चालु आर्थिक वर्षमा डढेलोको क्षतिको विवरण सङ्कलन गर्न थालिएको वन अधिकृत चन्द्रमणि सापकोटाले बताउनुभयो । जिल्लास्तरमा डढेलो रोकथाम तथा नियन्त्रण कार्ययोजना बनाएर सुरक्षा निकाय, प्रशासन, स्थानीय तह र सामुदायिक वन उपभोक्ता समूहसँग सहकार्य गरिएको उहाँले बताउनुभयो । डढेलो लाग्न नदिन प्रतिकारात्मक र लागेको डढेलो नियन्त्रणमा लिन नियन्त्रणत्मक रणनीति बनाइएको छ । सम्भव भएको ठाउँमा मानवीय र भौतिक सम्पत्ति जोगाउने रणनीति लिइएको छ । वन उपभोक्ता र विद्यालयस्तरमा सचेतनामूलक कार्यक्रमका साथै सुरक्षा निकायलाई डढेलो नियन्त्रणका लागि आवश्यक सामग्री उपलब्ध गराएको वन अधिकृत शान्तिकुमारी शाहीले बताउनुभयो । उहाँका अनुसार डढेलो नियन्त्रणका लागि पानी सङ्कलन र वन्यजन्तुलाई पानीका लागि मानव बस्तीमा आउन नपरोस् भनेर यस वर्ष छवटा सामुदायिक वनमा पोखरी निर्माणको तयारी भएको छ । जिल्लामा दुई लाख २९ हजार ७०६ हेक्टर क्षेत्रफल वनले ओगटेको छ । ३६.७६ प्रतिशत वन, १.८५ प्रतिशत झाडी र २१.२७ प्रतिशत चरन क्षेत्र छ । तीन सय ११ वटा सामुदायिक वन उपभोक्ता समूह छन् ।

# स्याङ्जामा बैंकिङ् साक्षरता अभियान

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, ३ चैत



विश्वव्यापी मनाइदै आएको ग्लोबल मनी वीक दिवस स्याङ्जाका बैंक तथा वित्तिय संस्थाहरुले मनाउन शुरु गरेका छन् ।

साप्ताहिक रुपमा मनाउन लागिएको यो दिवसमा वित्तिय साक्षरतालाई जोड दिइने भएको हो । स्याङ्जाको वालिङमा वालिङ बैंकर्स क्लवले प्रभातफेरी निकालेर यो दिवसको बारेमा जानकारी दिएको थियो । कार्यक्रममा वालिङमा रहेका बैंक तथा वित्तिय संस्था सहित बिमा क्षेत्रमा आवद्ध कर्मचारीहरुको सहभागिता रहेको थियो ।

विभिन्न प्लेकार्ड बोकेर आम्दानी अनुसारको खर्च जीवन हुन्छ सहज, बचत गरौं सपना पुरा गरौं, पैसा जीवनको आधार हो भन्ने सन्देश दिइएको थियो । बजार परिक्रमापछि बोल्दै मुक्तिनाथ विकास बैंकका पुर्व अध्यक्ष भरतराज ढकालले बैंक तथा वित्तिय संस्थाहरु विश्वासको मन्दिर रहेको बताए । नागरिकलाई पैसा के हो भन्ने कुरा चिनाउन बैंकका कर्मचारीको महत्वपुर्ण भुमिका रहेको भन्दै पुर्व अध्यक्ष ढकालले बचतलाई कमाई हो भन्ने बुझाउन आवश्यक रहेको बताए । आम्दानी अनुसार खर्च गर्न सके मात्रै बचत हुने बताउँदै मुक्तिनाथ विकास बैंकका पुर्व कार्यकारी प्रमुख समेत रहेका ढकालले वित्तिय साक्षरता अभियान अझै ग्रामिण क्षेत्रमा पुऱ्याउनुपर्नेमा जोड दिए । यस्ता अभियानले बचत, लगानी र आर्थिक अनुशासनबारे सकारात्मक सोच विकास गराउने धारणा ढकालको थियो ।

कार्यक्रममा शिखर इन्स्योरेन्स कम्पनी वालिङ शाखाका प्रमुख शंकर सुवेदीले बीमा नागरिकको आर्थिक सुरक्षासँग प्रत्यक्ष जोडिएको विषय भएकाले यसबारे अझ व्यापक जनचेतना आवश्यक रहेको उल्लेख गरे । बीमाको महत्व नागरिकलाई बुझाउन वित्तिय संस्थाहरुले अभियाननै थाल्नुपर्ने बताए ।

‘स्मार्ट मनी’ भन्ने नाराका साथ चैत्र २ गतेदेखी ८ गतेसम्म यो दिवस मनाइदै छ । सन् २०१२ देखी ओइसिओको पहलमा शुरु भएको यो कार्यक्रमले विशेषगरी बालबालिका र युवामा वित्तिय ज्ञान, सिप र सकारात्मक आर्थिक व्यवहारमा लक्ष्य राखेको छ ।

नेपाल राष्ट्र बैंकले यो कार्यक्रमलाई देशभरीका बैंक तथा वित्तिय संस्थाले मनाउन निर्देशन दिदै आएको छ । वित्तिय साक्षरताको सन्देश शहरदेखि गाउँसम्म पुराउदै आर्थिक रुपमा सचेत समाज निर्माणमा यो कार्यक्रमले महत्वपुर्ण भुमिकाक खेल्ने बताइएको छ । वालिङ बैंकर्स क्लवका अध्यक्ष नवीन काफ्लेले एकसाता जिल्लाका विभिन्न शैक्षिक संस्थाहरुमा वित्तिय साक्षरता संचालन गरिने जानकारी दिए ।

# कालीगण्डकी लोकमार्गः फलेबास-अर्मादी खण्ड स्तरोन्नति सुरु

**पोखरापत्र संवाददाता**
पर्वत, ३ चैत

लामो समयदेखि अलपत्र बनेको निर्माणाधीन उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी लोकमार्गको पर्वत खण्डमा पर्ने फलेबास-अर्मादी सडक स्तरोन्नति सुरु भएको छ ।

सङ्घीय सरकारको सहयोगमा फलेबास नगरपालिका-६ ढिकबाट कुश्मा नगरपालिका-४ अर्मादीसम्मको सडक स्तरोन्नति सुरु भएको हो । कालीगण्डकी लोकमार्ग आयोजना कार्यालय पाल्पाका अनुसार गत कात्तिक २१ गते ठेकेदार कम्पनीसँग सम्झौता भई सडक स्तरोन्नति तीव्र गतिमा भइरहेको छ । सडक स्तरोन्नतिसहित कालोपत्र गर्ने जिम्मा नवकान्तिपुर मैनाचुली, नाना जेभीले पाएको छ । उक्त कम्पनीसँग रु ६५ करोड ६१ लाख ८३ हजार १२८ मा सम्झौता भएको जनाउँदै ३६ महिनाभित्र निर्माण सम्पन्न गरिसक्नुपर्ने सम्झौतामा उल्लेख गरिएको आयोजनाका इञ्जिनियर पिपुल गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार सडक डबल लेनको बनाइने छ । चौध किलोमिटर लामो उक्त खण्डमा सात मिटर चौडाइमा कालोपत्र हुनेछ भने दायाँबायाँ एक/एक मिटर छाडेर एक/एक मिटरको नाली निर्माण गरिने इञ्जिनियर गौतमले जानकारी दिनुभयो । अहिले अर्मादीतर्फबाट धमाधम काम भइरहेको उहाँले बताउनुभयो ।

उहाँका अनुसार अहिले कटिङ, नाली निर्माण र क्रसर उद्योग स्थापनाको काम भइरहेको छ । निर्वाचनका कारण केही मजदुर घर फर्किएकाले कम सङ्ख्यामा कामदार देखिए पनि अब विस्तारै कामले गति लिने उहाँको भनाइ छ । निर्धारित मितिमा काम सम्पन्न गर्नेगरी निर्माण व्यावसायीलाई पर्याप्त मजदुर र उपकरण परिचालन गर्न निर्देशन दिइएको गौतमले बताउनुभयो । लोकमार्गको पर्वत खण्डअन्तर्गत सेतीवेणीबाट फलेबाससम्मको ३३ किमी सडक कालोपत्र भइसकेको भए पनि फलेबास-अर्मादी खण्डको १४ किमी सडक ठेकेदारको ढिलासुस्ती र बजेटको स्रोत सुनिश्चित नहुँदा लामो समयदेखि अलपत्र बनेको थियो । उक्त खण्डको मार्ग विस्तारका लागि विसं २०७३ असार २२ मा सम्झौता भई विसं २०७५ जेठ २१ गते सम्पन्न गर्नेगरी ठेक्का सम्झौता भएकामा विसं २०८० मा मात्रै मार्ग खुलाउने कार्य पूरा भएको थियो । मार्ग खुले पनि कालोपत्रका लागि बजेट सुनिश्चित नहुँदा काम हुन सकेको थिएन । तत्कालीन अर्थमन्त्री विष्णु पौडेलको पालामा स्रोत सुनिश्चित भएर चालु आर्थिक वर्षमा बजेट विनियोजन भएपछि काम अघि बढेको इञ्जिनियर गौतमले जानकारी दिनुभयो । यसअघि उक्त खण्डका लागि रु नौ करोड १७ लाख ४९ हजार २४५ विनियोजन भएको थियो । उक्त बजेटले फलेबास-६ ढिकबाट कुश्मा-४ अर्मादीसम्मको १४ किमी ट्र्याक खुलेको थियो । त्यसबाहेक अन्य काम भने हुन सकेको थिएन । कालीगण्डकी करिडोरको पर्वतखण्डमा ६० किमीभन्दा बढी भाग पर्दछ । सोअन्तर्गत सेतीवेणीबाट फलेबाससम्मको भाग कालोपत्र भइसकेको छ भने मालढुङ्गाबाट बेनीसम्मको १३ किमी खण्डको काम पनि सम्पन्न भएको छ । अब बाँकी रहेको फलेबास-अर्मादी खण्डअन्तर्गत १४ किमी सडक पूरा भएमा पर्वतखण्ड सम्पन्न हुने इञ्जिनियर गौतमले बताउनुभयो । यो सडक पर्वतको उत्तरबाट दक्षिणसम्म छिचोल्ने भएकाले यसलाई राष्ट्रिय गौरवको योजनाका साथै पर्वतको लाइफलाइनका रूपमा हेरिँदै आइएको उहाँको भनाइ छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि.सं. २०१२/१२/१५

स्वर्गारोहणः वि.सं. २०८२/११/२८

**स्वः नन्न कुमारी शाही**

यस पोखरापत्र राष्ट्रिय दैनिकका शुभचिन्तकद्धय सन्तोष शाही र दिपेन्द्र शाहीकी ममतामयी आमा **नन्न कुमारी शाही**को ७० वर्षको उमेरमा भएको असामयिक निधनमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै आज सातौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

**पोखरापत्र राष्ट्रिय दैनिक परिवार**
**पोखरा-९, नयाँबजार**